
# लूप इलेक्ट्रोसर्जिकल एक्सिशन प्रक्रिया (Loop Electrosurgical Excision Procedure, LEEP)

## LEEP को बारेमा

लूप इलेक्ट्रोसर्जिकल एक्सिशन प्रक्रिया (फन्दाको उपयोग गरेर विद्युत शल्यचिकित्सा अन्तर्गत निष्कासन प्रक्रिया), अथवा LEEP, पाठेघरको मुखबाट ती ऊतकहरू हटाउने प्रक्रिया हो जो सामान्य हुँदैनन् अनि जसले गर्दा क्यान्सर उत्पन्न हुन सक्छ।

पाठेघरको मुखलाई गर्भाशय (बच्चादानी)को मुख पनि भनिन्छ अनि यो योनिको बाहिरी भागमा स्थित हुन्छ।

सामान्यतया LEEP डक्टरको कार्यालय वा क्लिनिकमा गरिन्छ। यो प्रक्रिया गर्न लगभग 30 मिनेट लाग्छ तर 2 घण्टा समय लाग्ने जस्तो भेटघाटको योजना बनाउनुहोस्।





## कसरी तयारी गर्ने

- प्रक्रियाभन्दा 2 दिन अघिदेखि, यौनसम्पर्क गर्नबाट जोगिनुहोस् र योनि भित्र वा वरिपरि क्रीम प्रयोग नगर्नुहोस्।
- योनिलाई पानि वा अर्को कुनै औषधि प्रयोग गरि नधुनुहोस्।
- प्रक्रियाको दुइ घण्टाअघि चिकित्सकको पर्ची बिना नै औषधि पसलबाट सजिलै किन्न सकिने औषधि लिनुहोस्। आइबुप्रोफेन (एड्भिल, मोट्रिन) तथा एसिटामिनोफेन (टाइलेनल) विकल्पहरू हुन्।

## यो कसरी गरिन्छ

- प्रक्रियाले गर्दा तपाईंलाई कुनै प्रकारको असुबिस्ता नहोस् भनी सुनिश्चित गर्न तपाईंलाई आइबुप्रोफेन दिइनेछ।
- जाँचभन्दा पहिले शौचालय जानुहोस् अनि आफ्नो मूत्राशयलाई रित्तो पार्नुहोस्।
- सम्भव भएसम्म लगाउनु भएको सबै गरगहना वा पिअर्सिङसहित सबै धातुहरू हटाउनुहोस्। तपाईंको शरीर भित्र निकाल्न नसकिने कुनै धातु छ भने यसबारे नर्स वा डक्टरलाई निश्चित रूपले बताउनुहोस्।
- तपाईंलाई कम्मरदेखि मुनिको कपडा खोल्नका लागि भनिनेछ अनि त्यो हिस्सा ढाक्नका लागि तपाईंलाई कागजको पाना दिइनेछ।
- ग्राउन्डिङ्ग प्याड कहलाइने एकथरीको टाँसिने प्याडलाई तपाईंको तिघ्रामा लगाइनेछ। यो चिसो हुन्छ।




- तपाईंलाई परीक्षण टेबलमा उत्तानो भएर पल्टिन तथा तपाईंका खुट्टाहरूलाई टेबलको अन्तमा भएका स्टिरप् कहलाइने रिकाबहरूमा राख्नको लागि भनिनेछ।
- तपाईंका घुँडाहरूलाई छेउपट्टि ढल्किन दिनुहोस्। परीक्षणको समयमा तपाईंको योनि वरिपरिका मांसपेशीहरूलाई शिथिल बनाउननको लागि विस्तारै गहिरो सास लिनुहोस्।
- स्पेक्युलम (वीक्षण-यन्त्र) कहलाइने हाँसको चुच्चो जस्तो आकार भएको एउटा औजारलाई तपाईंको योनिको मुखमा लगाइनेछ जसको सहायताले तपाईंको सेवा प्रदायकले तपाईंको योनि भित्र हेर्न सक्नेछन्।
- असामान्य कोशिकाहरूलाई सहजै देख्न सकियोस् भनी सुनिश्चित गर्नको लागि पाठेघरको मुखमा आयोडिनको घोल लगाइन्छ। यो घोलले प्रक्रियाको लागि तयार गर्न पाठेघरको मुख पनि सफा गर्छ।
- तपाईंको चिकित्सा-सेवा प्रदायकले एउटा ठूलो मेग्निफाइङ्ग ग्लासको सहायताले तपाईंको पाठेघरको मुखलाई हेर्नेछन्, जसलाई कोल्पोस्कोप भनिन्छ। हेर्दा कोल्पोस्कोप, स्ट्यान्डमा राखिएको दुर्बिनको जोडी जस्तै देखिन्छ। कोल्पोस्कोपलाई तपाईं भित्र घुसाइँदैन।
- सङ्ज्ञा हर्ने औषधिको सहायताले तपाईंको पाठेघरको मुखलाई सुन्न पारिन्छ। यो त्यही औषधि हो, जुन दन्त-चिकित्सकले दन्त-चिकित्साका लागि सुन्न पार्नको लागि उपयोग गर्छन्। यसको फलस्वरूप, तपाईंको मुटुको धड्कन तीव्र हुन सक्छ अनि तपाईंले केही कम्पनको अनुभव गर्न सक्नुहुन्छ। केही मिनटहरू पश्चात् यो आफै ठीक भएर जान्छ।
- तपाईंको योनिमा तारको एउटा फन्दालाई घुसाइन्छ। यो फन्दाको सहायताले पाठेघरको मुखबाट असामान्य ऊतकहरूलाई निकालिन्छ। यो ऊतकलाई विस्तृत अध्ययन निम्ति प्रयोगशालामा पठाइन्छ।
- प्रक्रियाको बेलामा तपाईंलाई हल्का बाउंडिने/पीडा अनुभव हुन सक्छ।
- प्रक्रिया चलिरहेको बेलामा तपाईं यताउता नहल्लिन महत्त्वपूर्ण छ।

## सम्भावित जोखिमहरू

प्रक्रियाभन्दा पहिले तपाईंको चिकित्सा-सेवा प्रदायकले यी जोखिमहरूबारे तपाईंसित पुनरावलोकन गर्नेछन्।

- यसमा सङ्क्रमण वा अत्यधिक रक्तस्रावको जोखिम हुन सक्छ तर यस्तो विरलै हुन्छ।
- यो प्रक्रियाबाट सबै असामान्य ऊतकहरू नहट्ने सम्भावना हुन्छ र तपाईंलाई थप शल्यक्रिया आवश्यक पर्नेछ।
- यस प्रक्रियापछि गर्भवती आइमाईहरूमा समयअघि प्रसव हुने जोखिम एकदमै कम हुन्छ।

## प्रक्रियापछि आफैलाई हेरचाह गर्ने

यो प्रक्रिया पश्चात् निको हुनको लागि कैयौं साताहरूको समय लाग्नेछ। आगामी साताको लागि आराम गर्ने योजना बनाउनुहोस्। केही दिनहरूसम्म तपाईंको केही मात्रामा रक्तस्राव हुन सक्छ, जो अधिक मात्रामा भएको महिनावारी बाहेक केही हुँदैन अनि केही साताहरूसम्म पातलो रगत जस्तो स्राव हुन सक्छ।

- प्रक्रिया पश्चात्, 6 साताहरूसम्म योनि भित्र केही पनि नहाल्नुहोस्। यसको अर्थ हो, यौन सम्पर्क नगर्ने, टेम्पोन वा भनौं, रक्तस्राव सोस्न उपयोग गरिने प्याड (पट्टी) नलगाउनुहोस्, योनिलाई पानि वा अर्को कुनै औषधि प्रयोग गरि नधुनुहोस्। यसो गर्नाले निको भइरहेको स्थानमा रक्तस्राव हुने जोखिम कम्ती भएर जान्छ।
- सामान्य आहार ग्रहण गर्नुहोस्।

- बोतलमा दिइएका निर्देशहरूका पालना गर्दै आइबुप्रोफेन (एड्भिल, मोट्रिन) वा एसिटामिनोफेन (टाइलेनोल) वा यस्तै औषधि लिनुहोस्।
- प्रथममा फुस्रो-कालो कफी जस्तो देखिने स्राव हुन सक्छ, अनि तपाईंलाई केही मात्रामा रक्तस्राव हुनेछ, जो महिनावारी जस्तै हुनुपर्ने हो। समय बित्दै जाँदा, यो पहेंलो पानी जस्तो स्रावमा परिवर्तित हुन्छ। तपाईंले प्याड लगाउन सक्नुहुन्छ।
- तपाईं स्नान गर्न सक्नुहुन्छ। 6 साताहरूसम्म टबमा ननुहाउनुहोस्, तातो टबको उपयोग नगर्नुहोस् वा पौडी खेल्न नजानुहोस् किनभने यसो गरे सङ्क्रमणको सम्भावना बढेर जान्छ।

## आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई कहिले फोन गर्ने

तपाईंलाई निम्न लक्षणहरू देखिएमा फोन गर्नुहोस्:

- अत्यधिक परिमाणमा रक्तस्राव हुनु जहाँ एक घण्टामा प्याड पूर्ण रूपमा भिज्छ
- गम्भीर रूपमा पेट बाउंडिने वा पीडा जो समय बित्दै जाँदा झन-झन बढेर जान्छ
- रुघाखोकी वा ज्वरो 100.4 डिग्री फरेनहाइट (38 डिग्री सेल्सियस) वा सोभन्दा बढी
- योनिबाट नराम्रो गन्ध भएको स्राव हुनु

## अनुगमन

भविष्यका हुने अनुगमन भेटघाटहरूका सम्बन्धमा तपाईंले निर्देशहरू प्राप्त गर्नुहुनेछ साथै तपाईंले परिणामहरू पनि प्राप्त गर्नुहुनेछ। तपाईंको लागि एउटा अनुगमन भ्रमण निर्धारित गरिनेछ। आफ्ना सबै भेटघाटहरूमा उपस्थित हुनु तपाईंको लागि औधी महत्त्वपूर्ण छ।

**तपाईंलाई आफ्नो हेरचाहको बारेमा कुनै प्रश्नहरू छन् भने आफ्नो डाक्टर वा स्वास्थ्य सेवा टोलीसँग कुरा गर्नुहोस्।**

थप स्वास्थ्य जानकारीका लागि, **wexnermedical.osu.edu/patiented** मा जानुहोस् वा स्वास्थ्य जानकारीका लागि पुस्तकालयलाई 614-293-3707 वा health-info@osu.edu मा सम्पर्क गर्नुहोस्।

©2000 - नोभेम्बर 6, 2024, Ohio State University Wexner Medical Center


# Loop Electrosurgical Excision Procedure (LEEP)

## About LEEP

Loop Electrosurgical Excision Procedure, or LEEP, is a procedure to remove tissue from the cervix that is not normal and may lead to cancer.

The cervix is the opening of the uterus (womb) and is located at the top of the vagina.

LEEP is usually done in the doctor's office or clinic. The procedure takes about 30 minutes, but plan for the appointment to take 2 hours.





## How to prepare

- Starting 2 days before the procedure, avoid sex and do not use creams in or around the vagina.
- Do not douche.
- Take an over-the-counter pain medicine 2 hours before the procedure. Ibuprofen (Advil, Motrin) and acetaminophen (Tylenol) are options.

## How it is done

- You will be given ibuprofen to help with any discomfort from the procedure.
- Go to the bathroom and empty your bladder before the test.
- Remove all metal, including any piercings, if possible. Be sure to let the nurse or doctor know if you have any metal inside your body that cannot be removed.
- You will be asked to undress from your waist down and will have a paper sheet to cover you.
- A sticky pad, called a grounding pad, will be placed on your thigh. It is cold.
- You will be asked to lie down on the exam table and place your feet in holders at the end of the table, called stirrups.
- Let your knees fall to the sides. Take slow, deep breaths to relax the muscles around your vagina during the exam.




- A tool shaped like a duck bill, called a speculum, will be placed into the opening of your vagina to allow your provider to see inside your vagina.
- An iodine solution is applied to the cervix to make abnormal cells easier to see. This solution also cleans the cervix to prepare for the procedure.
- Your provider will look at your cervix with a big magnifying glass, called a colposcope. The colposcope looks like a pair of binoculars on a stand. The colposcope does not go inside of you.
- Your cervix is numbed with a local anesthetic. This is the same medicine the dentist uses to numb you for dental work. It can cause your heart to beat fast and may make you feel shaky. This will pass in a few minutes.
- A wire loop is inserted through the vagina. The abnormal tissue from the cervix is removed with this loop. This tissue will be sent to the lab for closer study.
- You may feel mild cramping during the procedure.
- It is important that you do not move while the procedure is being done.

## Possible risks

Your provider will review these risks with you before the procedure.

- Rare risk of infection or heavy bleeding.
- Chance not all abnormal tissue will be removed with this procedure and you will need more surgery.
- Very rare risk of preterm labor with pregnancies that happen after this procedure.

## Caring for yourself after

It will take several weeks to heal from this procedure. Plan to rest for the next week. You may have some bleeding, no more than a heavy period, for a few days and light bloody discharge for a few weeks.

- Place nothing in the vagina for 6 weeks after the procedure. This includes no sexual intercourse, no tampons, and no douching. This will reduce your risk of bleeding from the area that is healing.
- Eat a normal diet.
- Take ibuprofen (Advil, Motrin) or acetaminophen (Tylenol) or similar medicine as directed on the bottle.
- The discharge may first look like brownish-black coffee grounds, and you will have some bleeding, which should be similar to a period. In time this will change to a yellow watery discharge. You may wear a pad.
- You may take a shower. Do not take a tub bath, use a hot tub or go swimming for 6 weeks as this increases your chance for infection.

## When to call your healthcare provider

Call if you have:

- A lot of bleeding where you soak a pad in an hour
- Severe abdominal cramps or pain that gets worse over time
- Chills or fever of 100.4 degrees Fahrenheit (38°C) or higher
- Vaginal discharge that has a bad odor

## Follow up

You will receive the results and instructions for future follow-up appointments. A follow-up visit will be scheduled for you. It is very important that you keep all of your appointments.

**Talk to your doctor or health care team if you have any questions about your care.**

For more health information, go to **wexnermedical.osu.edu/patiented** or contact the Library for Health Information at 614-293-3707 or health-info@osu.edu.

© 2000 – November 6, 2024, The Ohio State University Wexner Medical Center